# बैदेशिक रोजगार समाजिक सुरक्षा कोष "हजारे अभियान"

## परिकल्पना :

सन् २००९ मा केहि सक्रिय नेपालीहरुको अग्रसरतामा गैर आवासीय नेपाली संघ ओमान स्थापना भएको थियो । स्थापनाको समय देखिनै ओमानमा रहेका पिडित नेपालीहरुलाई सेवा गर्दै आईरहेको छ । यसै दौरानमा संघले बिभिन्न खालका अनुभव संगालेको छ । धेरै पिडित नेपालीहरुको उद्धार गरि नेपाल पठाउन सफल भएपनि नेपाल फर्केपछिको उनिहरुको अवस्था सोच्दा उहि पुरानै बेरोजगार अवस्थाको हुन्छ, अर्को तर्फ मृत्यु र दुर्घटनामा परि अंगभंग भएका हरुको त झन् अवस्था दर्दनाक नै हुन्छ । प्रथमत स्वदेश फिर्ति भएका नेपालीहरुलाई सुरक्षित अवतरण सहजीकरण गराउने र मृत्यु तथा अंगभंग भएका नेपालीहरुलाई राहत प्रदान गराउने उदेश्यका साथ यस अभियानको परिकल्पना गरिएको हो ।

अर्को तर्फ बैदेशिक रोजगारीमा जाने नेपालीहरुको जिम्मेवारी बिचार गर्दा उनिहरुको रेमिट्यान्स पठाउने मात्रै कतव्य होईन अब यो बाट माथि उठेर देश बिकाशको सम्वन्धमा सोच्नु जरुरी देखिएको छ । जसको लागि यो परियोजनालाई स्तम्भ बनाउँदै देश बिकाशको अर्थ व्यवस्थापन गर्ने हाम्रो परिकल्पना हो ।

## परिभाषा

सरकारद्धारा परिभाषित गरिएको दुबै थरी एन.आर.एन. (बैदेशिक रोजगारमा रहेका नेपाली तथा नेपाली मुलका बिदेशी नागरिक) हरुबाट अनिवार्य हुनेगरि कम्तिमा प्रतिमहिना १ हजार तथा स्वच्छिक ५ हजार सम्म जम्मा गरेर स्थापित कोष नै बैदेशिक रोजगार सामाजिक सुरक्षा कोष "हजारे अभियान" हो । यसलाई पटके पेन्सन (वा सञ्चय कोष जस्तै कोष) को रुपमा बुझ्दा पनि हुन्छ । हाम्रो प्रारम्भिक व्याख्या अनुसार यो बृहत राष्ट्रिय योजना अन्तगरत पर्ने एक परियोजना हो । तसर्थ यसलाई छुट्टै एक बिभाग बनाई त्यसलाई नै सर्बाधिकार दिएर संञ्चालन गर्न पर्ने हुन्छ । यसको लागि सरकाले छुट्टै बैदेशिक रोजगार सामाजिक सुरक्षा काष नियमावली र कार्यबिधि बनाई लागु गनुपर्ने हुन्छ । यो बिशिष्ट उदेश्यमुखी परियोजना भएकोले परिभाषामा यसका मुख्य उदेश्यहरुलाई पनि संक्षेपमा व्याख्या गर्नै पर्ने हुन्छ । यसका प्रमुख उदेश्यहरु

- ❖ बैदेशिक रोजगारमा रहेका नेपालीहरुको सामाजिक सुरक्षा (पेन्सन सरहको सुबिधा)
- ❖ देश बिकाशको लागि अर्थको व्यवस्था
- ❖ बैदेशिक रोजगारीमा रहेका नेपालीहरुको सुरक्षित अवतरण (Safe Landing)
- ❖ बैदेशिक रोजगारीको परनिर्भरता हर्टाई देशमै रोजगारीको व्यवस्था गर्ने

उपरोक्त उदेश्य रहेको बैदेशिक रोजगार समाजिक सुरक्षा कोष निर्माणको तथा कोष लगानीको क्षेत्रलाई हामिले यसरी व्याख्या गरेका छौं ।

**परियोजनाको संकलन तथा लगानीका क्षेत्रहरु :**

१. कोष संकलनको क्षेत्र

२. कोष लगानीको क्षेत्र

**१. कोष संकलनका क्षेत्रहरु –**

यस परियोजनाको कोष संकलनको क्षेत्रमा सरकारको परिभाषा अनुरुपका बिदेशमा रहेका नेपालीहरु (बैदेशिक रोजगारीमा रहेका तथा नेपाली मुलका बिदेशी नागरिक) मा मात्र सिमित रहने गरि परियोजनाको संकलनका क्षेत्र तयार पारेका छौं ।

१.१.बैदेशिक रोजगारीमा रहेका नेपालीहरु :

१.२.बिदेशमा रहने नेपालीहरु :

**१.१ बैदेशिक रोजगारीमा रहेका नेपालीहरुबाट गरिने संकलनहरु :**

**(क) अनिवार्य संकलन :** बैदेशिक रोजगारमा रहेका सम्पूर्ण नेपालीहरु जो श्रम स्विकृति लिएर बैदेशिक रोजगारमा गएका हुन्छन्, उनीहरुबाट पठाईने पैसा कानुनी मान्यता प्राप्त जुनसुकै माध्यमबाट नेपालमा रेमिट भएर आएपनि त्यसबाट प्रतिमहिना रु १०००/- (एक हजार) का दरले माथि यस परियोजनाको खातामा स्वतः अनिवार्य जम्मा गरिने व्यवस्था गर्नुपर्छ । यदि महिनामा एक भन्दा बढि रेमिट गर्ने व्यक्तिको १ पटक मात्रै उक्त कोषमा तोकिएको रकम जम्मा गर्ने व्यवस्था गरिनुपर्छ र हरेक महिनामा पैसा नपठाई केही समयको अन्तरालमा रेमिट गर्ने व्यक्तिको जम्मा हुन बाँकि महिनाको रकम सोहि तवरले रेमिट्यान्स कम्पनीबाट उक्त खातामा दाखिला गराउने व्यवस्था गरिनु पर्छ ।

**(ख) स्वेच्छिक संकलन :** २ बर्षे करार अवधिमा बैदेशिक रोजगारीमा जाने नेपालीहरुले अनिवार्य संकलन हुने कोष बार्षिक १२ हजार हुन आउँछ । यदि सो भन्दा बढी रकम जम्मा गर्न चाहने व्यक्ति जो नेपाल बाट श्रम स्विकृति लिएर बैदेशिक रोजगारमा आएका छन् उनीहरुले स्वेच्छाले अधिकतम मासिक ५ हजार, बार्षिक ६० हजार सम्म यस कोषमा जम्मा गर्न सक्नेछन् । उक्त स्वेच्छिक रकम जम्मा गर्नलाई सोही कोषको खातामा सीधा जम्मा गर्ने व्यवस्था गर्नु पर्दछ ।

**१.२.बिदेशमा रहने नेपालीहरु :**

बिभिन्न शिलशिलामा देश छाडी बिदेशमा स्थायी रुपमा बसोवास गरिरहेका नेपालीहरु या बिभिन्न पेशा वा व्यवसाय गरी बस्ने नेपालीहरु जसले नेपाल सरकारको श्रम स्विकृति लिएका हुदैनन्, उनिहरु अनिबार्य १००० जम्मा गराउन कानुनत सम्भव नभएको हुँदा उनीहरुलाई पनि स्वेच्छिक रुपमा लगानी गर्ने अवसर प्रदान गरिनु पर्दछ । यसरी स्वेच्छिक लगानी गर्नलाई प्रतिव्यक्ति अधिकतम बार्षिक मासिक ६ हजार ७२ हजार सम्म लगानी गर्न सक्ने व्यवस्था हुनु पर्दछ । उक्त स्वेच्छिक रकम जम्मा गर्नलाई सोही कोषको खातामा सीधा जम्मा गर्ने व्यवस्था गर्नु पर्दछ ।

**सरकारी तथ्याङ्कमा अधारित रहेर तयार पारिएको अनुमानित संकलनको लेखाजोखा :**

सरकारी तथ्याङ्क अनुसारको अनुमानित ४० लाख बैदेशिक रोजगारमा रहेका नेपालीहरुलाई मात्र आधार मानेर गरिएको संकलनलाई यसरी हेर्न सकिन्छ (स्वेच्छिक संकलन बाहेक)।

| संकलन हुने रकमको अनुमानित खाँका | | | | |
|---|---|---|---|---|
| अनिवार्य संकलन मात्रै | | | | |
| बिवरण | समय/महिना | संकलन रु/अनिवार्य | अनिवार्य संकलन जम्मा रु | |
| प्रति व्यक्ति प्रति महिना | १ | १००० | १,००० | १ हजार |
| प्रति व्यक्ति प्रति बर्ष | १२ महिना | १००० | १२,००० | १२ हजार |
| प्रति व्यक्ति २ बर्ष | २४ महिना | १००० | रु २४,००० | रु २४ हजार |
| प्रति व्यक्ति १० बर्ष | १२० महिना | १००० | १२०,००० | १ लाख २० हजार |
| ४० लाख व्यक्ति प्रति महिना | १ महिना | १००० | ४,०००,०००,००० | ४ अर्ब |
| ४० लाख व्यक्ति प्रति बर्ष | १२ महिना | १००० | ४८,०००,०००,००० | ४८ अर्ब |
| ४० लाख व्यक्ति २ बर्ष | २४ महिना | १००० | ९६,०००,०००,००० | ९६ अर्ब |
| ४० लाख व्यक्ति १० बर्ष | १२० महिना | १००० | ४८०,०००,०००,००० | ४ खर्ब ८० अर्ब |

यसरी जम्मा हुने रकमलाई आधार मानेर, तल उल्लेखित लगानीका उदेश्य हरुलाई प्राथामिकता आधारमा यसरी बर्गिकरण गरि कार्यान्वयन गर्न सकिन्छ।

## २.कोष लगानीका क्षेत्रहरु् –

**२.१.बैक**
**२.२.जल बिद्युत**
**२.३.कृषि**
**२.४.सडक**

माथि उल्लेखित क्षेत्रमा लगानी गर्ने गराउने काम नेपाल सरकारको मातहतमा हुनुपर्ने छ। यस कोषलाई लगानि गर्दा नाफामुलक आयोजनाहरुमा गर्नुपर्ने हुन्छ।

## २.१.बैंक :

यो नियम लागू भएको अबधिबाट १ बर्ष भित्रमा संकलन हुने रकमलाई जम्मा जम्मी ४८ अर्ब (वा जम्मा भए अनुसार सो भन्दा बढी अथवा संञ्चालक समितिको निर्णय अनुसार) चुक्ता पूँजी राखी एन.आर.एन. बैंक स्थापना गर्न सकिन्छ। जसको प्रमुख उदेश्य भनेको बैदेशिक रोजगारीबाट करार अबधि पूरा गरी नेपालमै स्थापित हुन चाहने व्यक्तिलाई कुनै पनि उत्पादनमुलक व्यापार व्यवसाय गर्न सहुलियत व्याजदरमा ऋण प्रदान गरी (कृषि तथा  पशुपालनलाई बिषेश प्राथामिकता) स्वरोजगार हुन सहयोग गर्ने हो। त्यस्तै कुनैपनि आयोजनाहरुमा लगानि गर्ने माध्यम पनि यहि बैंक हुनेछ। यसका साथै लगानि कर्ताहरुले पाउने मुनाफा पनि यसै बैंक मार्फत बितरण हुनेछ। बैंकको नाम सम्बन्धि कुनै द्विबिधा भएमा संचालक समितिले अन्य नाम निर्धारण गरी निर्णय गर्न सक्नेछ।

## २.२.जलबिद्युत :

जलबिधुत सम्वन्धि आयोजनाहरुमा १५ प्रतिशत शेयर स्थानिय जनताद्धारा लगानी गर्ने गरि, ३५ प्रतिशत सरकारका र ५० प्रतिशत यस कोषबाट लगानी गराई आयोजनाहरु संञ्चालन गर्न सकिने छ। लगानीको क्षेत्र तथा लागत अनुसार तत्काल १ बर्ष भित्र जलबिद्युतको उत्पादन क्षेत्र तोकेर एक हजार मेगावाट क्षमतासम्मको जलबिद्युत आयोजना बनाउन सकिन्छ र ४ बर्ष सम्मको संकलन हुने रकमलाई आधार मानी रु ४०० अर्ब सम्मको लगानीमा बन्ने जलबिद्युत आयोजना लागू गर्ने र ५ बर्ष भित्रमा उक्त आयोजनालाई संचालनमा ल्याउनको लागि प्राथमिकताका साथ पहल गर्न सकिन्छ। यसबाट देश बिकाशमा टेवा पुग्ने तथा बेरोजगारीको समस्या केही हद सम्म समाधान हुने हामीले देखेका छौं। देशभित्र रहेको बिद्यमान बिद्युतको मागलाई पूरा गर्न सकेमात्र पनि देश भित्र नै बिभिन्न कलकारखाना तथा उद्योगधन्दा संचालनमा आई रोजगारीको सृजना हुनेछ।

**२.३. कृषि :**

देशलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउनको लागि कृषि सम्वन्धी एक छुट्टै समिति कृषिमामा आवश्यक पर्ने सामाग्रीहरु (मल,बिउबिजन तथा अन्य) उत्पादन गर्ने, बिउ बिजन बितरण गर्ने, तथा तालिम केन्द्र स्थापना गरी कृषकहरुलाई आधुनिक कृषिको ज्ञान दिने, अत्याधुनिक कृषि उपकरणहरु उपलब्ध गराउने, जसले गर्दा कृषकहरुलाई आधुनिक खेतीका साथै बेमौसमी खेती गर्न पनि सहयोग पुग्नेछ । यसका लागि सरकारले अहिलेको क्षेत्रीय/प्रदेशीय प्रणालीलाई आधार मानी पाँचै/सातै बिकास क्षेत्रमा/प्रदेशमा २००/२०० हेक्टर सम्म जमिन उपलव्ध गराई उक्त योजनालाई कार्यान्वयन गर्न सकिन्छ । उपरोक्त अवधारणा अनुसार नेपालको कृषि बिकाशमा सरकार तथा यस परियोजनाको बराबरी योगदान तथा सहभागी रहोस् भन्ने हेतुले यस परियोजनामा ५०/५० प्रतिशत लगानी हुनुपर्छ ।

यसरी नेपालको कृषिलाई आधुनिकीकरण गरी नेपालको बिकासमा कृषिको महत्वपूर्ण योगदान लिन सकिने छ र कृषिजन्य सामग्रीको आयात कम गरी कृषि व्यापार घाटा न्यूनिकरण गर्न सकिन्छ । कृषि सम्वन्धि मल, बिउ, बिजनको लागि अन्य देशको भर पर्नु पर्ने अवस्थाबाट छुट्कारा दिलाउन स्वदेशमा नै यसको उत्पादन गर्न सकिन्छ । नेपालको कृषि क्षेत्रलाई आधुनिकिरण गर्नको लागि अत्याधुनिक मेसिनरि औजार हरुको आयात गरि सम्पूर्ण किसानहरुमा पुर्‍याउन पर्ने हुन्छ ।

**२.४. सडक निर्माण :**

देश बिकासको मेरुदण्ड सडक निर्माणमा यो परियोजना मार्फत जम्मा भएको पूँजी लाई परिचालन गराउनु पर्छ । यसमा सरकारको तर्फबाट ५० प्रतिशत तथा यस कोष मार्फत ५० प्रतिशत लगानी गरि देश बिकाश गर्न सकिन्छ । सडकलाई प्राथामिकताको आधारमा निम्नानुसार बर्गिकरण गर्नसकिन्छ ।

२.४.१. नाफा मूलक आयोजना : काठमाण्डौं, दक्षिणकाली हेटौडा सुरुङ्ग मार्ग ।
२.४.२. नाफा मूलक आयोजना : उपत्यका मिनि मेट्रो ट्रेन ।
२.४.३. पूर्व पश्चिम राजमार्ग दुईतर्फी ३/३ लेनको बनाउने ।

**२.४.१ नाफा मूलक आयोजना : काठमाण्डौं, दक्षिणकाली हेटौडा सुरुङ्ग मार्ग :**

काठमाण्डौं हेटौडा द्रुत मार्ग निमार्णको लागि जम्मा भएको पूजीमा नपूग पूँजी यसै परियोजनाको पूँजीलाई प्रयोग गरि पुरा गर्न सकिन्छ । देशकै लगानीले यो योजना पूरा गर्न सकेको खण्डमा ३० बर्ष सम्म बिदेशीने आम्दानी पनि देश भित्रनै रहनेछ र उक्त आम्दानीले देशमा अन्य बिकाश निर्माणका कार्य गर्न सकिनेछ ।

**२.४.२. नाफा मूलक आयोजना :उपत्यका मिनि मेट्रो ट्रेन :**

यस परियोजना लगानीका क्षेत्रहरुमा सडक नाफामुलक आयोजनामा पर्दैन तर सडक बिकाशमा यस परियोजनाको पूजी लगाउन पहिले यसलाई नाफामुलक आयोजनाहरुमा लगाउन जरुरी छ । नाफामुलक आयोजनामा उपत्यका मिनि मेट्रो ट्रेन एक हुन सक्ने हाम्रो ठम्याई छ । काठमाण्डौं उपत्यकाको अव्यवस्थित ट्राफिक तथा बढ्दो सवारी चापले भविष्यमा अझ धेरै समस्या आउन सक्ने अनुमान गर्न सकिन्छ । यि सबै समस्याहरुलाई मिनि मेट्रो ट्रेनको स्थापनाले धेरै हदसम्म समाधान गर्नेछ । यसका लागि निश्चित योजना सहित यो परियोजनाको पूँजीबाट लगानी गर्न सकिन्छ र यो नितान्त नाफामुलक हुनेछ किनकी यसमा प्रतिश्प्रधी कोहि हुनेछैन ।

**योजना :** काठमाण्डौं भ्यालि (भक्तपूर, ललितपूर, काठमाण्डौं) भित्र ठुलो रिङ्ग रोड बनाएर मिनि मेट्रो ट्रेन चलाउन सकिन्छ । यसको दुरी लगभग २०० देखि २५० कि.मी हुन सक्छ । यस योजनामा दुईवटा ट्रेन लिक बनाएर जम्मा ४/४ वटा मिनि मेट्रो ट्रेन सञ्चालनमा ल्याउन सके कुनै पनि ठाँउमा एक व्यक्ति ३० मिनेटमा पुग्न सक्नेछ । यस प्रकारको ट्रेन २०० देखि २५० सम्म यात्रु क्षमताको बनाउँदा उचित हुनेछ । यस योजना लागु हुन सकेमा एकै समयमा धेरै सेवाग्राहीले सेवा पाउनुका साथै सवारी सधानको चापले हुने ट्राफिक जाम पनि कम हुनेछ । अझ रिङ्ग रोड मात्र नभएर यसलाई ३ देखि ५ स्थानबाट क्रस लिक बनाएर सञ्चालन गरेमा काठमाण्डौं भ्याली मेट्रो ट्रेनमय हुनेछ ।

**२.४.३. पूर्व पश्चिम राजमार्गलाई ३/३ लेन बनाउने :**

यस परियोजनाको लगानी क्षेत्र अन्तरगतको सडक लगानीमा माथी हामीले नाफा मुलक सडक लगानीको बारेमा चर्चा गर्‍यौं । यस्तै प्रतक्ष्य फाईदा नभएपनि देश बिकाशको मेरुदण्ड सडक भएकोले र नेपालको प्रमुख र ठुलो राजमार्ग पूर्व पश्चिम राजमार्गको बिकाश हुनु जरुरी छ । यसर्थ परियोजनाको पूँजीबाट ५० प्रतिशित तथा सरकारबाट ५० प्रतिशत लगानी गरि पूर्व पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) लाई ३/३ (Dual carriage way) लेनको बनाउन सकिन्छ । यसका साथै यस परियोजनाको पूँजी तथा नाफा बढ्दै गएपछि काठमाण्डौं जोड्ने मुख्य मार्गलाई पनि अन्तर्राष्ट्रिय स्तरकै दोहोरो सडक निर्माण गर्ने र अन्य सडक निर्माणहरु संञ्चालक समितीको निर्णयमा निर्माण गर्न सकिन्छ ।

**परियोजनाबाट लाभान्वित क्षेत्रहरु :**

यस परियोजनाको लगानिकर्ता बिषेशत बिदेशमा रहेका नेपालीहरु भएकोले स्वत: परियोजनाबाट हुने आर्थिक फाईदामा उनिहरुको हिस्सा रहेने छ । त्यस्तै कोष लगानिको क्षेत्र देश भएकोले लगानी भएको ठाउँमा हुने भौतिक तथा आर्थिक बिकाशले देश पनि लाभान्वित हुनेछ । यसलाई बुँदागत रुपमा यसरी व्याख्या गरिएको छ ।

१. लगानीकर्ताले पाउने मुनाफाका सम्वन्धमा
२. लगानीकर्ताले पाउने राहतका सम्वन्धमा

**१.लगानीकर्ताहरुले पाउने मुनाफाका सम्बन्धमा :**

१.१ बैदेशिक रोजगारमा रहेका नेपालीहरु तथा बिदेशमा रहने नेपालीहरु जसले माथि उल्लेखित कोषमा रकम जम्मा गरेको छ उसले चालु भएको आयोजनाको शेयर होल्डर हुन पाउने व्यवस्था गर्न सकिन्छ । शेयरको मुल्य के कस्तो हुने भन्ने संचालक समितिले निर्णय गर्नेछ र सम्पूर्ण आयोजनाको मुनाफा संकलन गरी प्रति शेयर बितरण गरिने छ या अन्य प्रावधान संचालक समितिले बनाउन सक्नेछ ।
१.२ यसरी जम्मा भएको रकमलाई बिकास निर्माणको क्षेत्रमा लगानी गरी देश बिकास गर्न सकिन्छ । यो रकम नेपाल सरकारले देश बिकासको लागि जनताबाट ॠण स्वरुप निश्चित प्रतिशत व्याज दिएर देश बिकास तथा निर्माणमा लगानी गरेको पनि जनाउन सकिने छ ।
१.३ लगानी कर्ताहरुलाई एक निश्चित (उदाहरण २० बर्ष) समयसम्म एक निश्चित रकम बोनस या पेन्सन सरह बितरण गर्न सक्नेछ ।
१.४ यस कोषले बैदेशिक रोजगारीमा रहेका नेपालीहरुो सुरक्षित अवतरण गराउन सहयोग गर्नेछ ।

माथि उल्लेखित बुँदाहरुमा संचालक समितिले निर्णय लिन सक्नेछ ।

**२. राहत सम्बन्धमा**

२.१ बैदेशिक रोजगारीमा अंगभंग भएको अवस्थामा :

बैदेशिक रोजगारीका लागि बिदेशमा रहेको र यस कोषमा रकम जम्मा गरेको व्यक्ति यदि कुनै पनि दुर्घटनामा परी शारीरिक अंगभंग भई काम गर्न नसक्ने अबस्था भएर नेपाल फर्केमा आबश्यक कागजपत्रलाई आधार मानी मासिक बैदेशिक रोजगार अपाङ्ग भत्ता रु ६००० उपलब्ध गराउनु पर्नेछ अथवा मासिक भत्ता के कति हुने भन्ने संचालक समितिले निर्णय गर्न सक्नेछ । मासिक भत्ताको लागि आबश्यकता अनुसारको रकम यस कोषबाट लगानी भई आएको नाफा बाट दिइनेछ ।

२.२ बैदेशिक रोजगारीमा मृत्यु भएको अवस्थामा :

बैदेशिक रोजगारीका लागि बिदेशमा रहेको र यस कोषमा रकम जम्मा गरेको व्यक्ति यदि कुनै कारणबश बिदेशमा मृत्यु भएको खण्डमा उसको घर परिवारलाई रु ३,००,००० (३ लाख) सम्मको प्रारम्भिक जिबिकोपार्जन खर्च अनिवार्य उपलब्ध गराउनुका साथै उसले जम्मा गरेको रकमको हक उसको परिवारको हकवालाको नाममा नामसारी गर्ने व्यवस्था गर्ने र उक्त परिवारको कुनै एक सदस्यलाई उसको कार्यक्षमताको आधारमा यस कोषबाट लगानी गरिएको आयोजनाहरुको रिक्त स्थानमा स्थायी रोजगारीको अवसर प्रदान गनुपर्नेछ। यदि कुनै रिक्त स्थान नभए वा उसको परिवारले काम गर्न नचाहेको खण्डमा उक्त कोषबाट एकमुष्ठ रकम लगानी बाहेक रु ७,००,००० (सात लाख) प्रदान गर्नु पर्नेछ। उपरोक्त सम्वन्धमा अन्य निर्णयहरु संञ्चालक समितिले गर्न सक्नेछ।

**संञ्चालक समितिको गठन प्रक्रिया र संञ्चालन प्रणाली**

यस परियोजनाको संञ्चालन समिति नेपाल राष्ट्र बैंकको मातहतमा रहि गभर्नर यसको प्रमुख रहेर, प्रधानमन्त्री, अर्थमन्त्री, श्रम मन्त्री तथा एन.आर.एन.ए का प्रतिनिधिहरु यसको सदस्य रहि आवश्यकता अनुसार नेपालको परराष्ट्र मन्त्रालय लगायत अन्य सहितको समिति गठन हुनुपर्नेछ। उक्त समितिले नेपाल सरकारको बैदेशिक रोजगार सामाजिक सुरक्षा कोष नियमावली अनुसार काम गर्नेछ। जसले देहाय बमोजिम संकलन तथा डाटाको संयोजन गरि कोष संकलन र सञ्चालन गर्न सक्नेछ।

**१.प्रतिमहिना रु १००० संकलनको व्यावस्थापन पक्ष :**

बैदेशिक रोजगार सामाजिक सुरक्षा कोष नियमावली बनेपछि यस अनुसार प्रतिमहिना रु १००० अनिवार्य संकलन गनुपर्ने उल्लेख हुनुपर्नेछ र उक्त रकम अटोमेटिक मासिक रुपमा बैदेशिक रोजगार सामाजिक सुरक्षा कोषको सम्वन्धित व्यक्तिको नाममा जम्मा गरिने व्यवस्था हुनेछ। यसको लागि छुट्टै एक सफ्टवेयर प्रणलीको बिकाश गर्नुपर्ने हुन्छ र उक्त सफ्टवेयरमा बैदेशिक रोजगार प्रवर्धन बोर्डमा भएको डाटा (श्रम स्वीकृति लिएर बिदेश जाने नेपालीहरुको बिवरण) लाई समायोजन गर्नेछ। यसको लागि नेपाल राष्ट्र बैकले नेपालका सम्पूर्ण सक्रिय रेमिट्यान्स कम्पनीहरु संग बैठक गरि माथि उल्लेखित अनिवार्य संकलनको नियम र रेमिट्यान्स सफ्टवेयर प्रणालीलाई अनिवार्य लागु गराउनु पर्नेछ। यसको मतलव सम्पूर्ण बैदेशिक रोजगारीमा रहेका नेपालीहरुको रेमिट्यान्सबाट पठाएको रकम मध्येबाट रु १००० अनिवार्य रुपमा यस कोषमा संकलन गराउने छ र बाँकी रकम उनिहरुको व्याक्तिगत खाता वा सम्वन्धित व्यक्तिको नाममा जम्मा हुनेछ।

**२. बैदेशिक रोजगारमा रहेका ४० लाख नेपाली तथा नयाँ बैदेशिक रोजगारमा जाने नेपालीको बिवरण :**

यो नियमावली बनाउनु भन्दा अगावै बैदेशिक रोजगारमा रहेका नेपालीहरुको लागि बैदेशिक रोजगार प्रबर्धन बोर्डमा दर्ताभएको बिवरण अनुसार सबैलाई एक कोड नं उपलव्ध गराउने र सोहि कोड नं को प्रयोग गरि यस कोषमा व्याक्तिगत बिवरण हरु राख्न सकिन्छ । एक व्याक्तिका लागि आजिवन एक कोड नं नै हुने व्यवस्था गरिनु पर्छ । यसका लागि नेपाल सरकारको श्रम प्रवर्धन बोर्डले श्रम स्वीकृती निस्सा (स्टिकर) मा केहि परिमार्जन गर्नुपर्ने हुन्छ । कुनैपनि व्यक्तिको बैदेशिक रोजगारीमा रहँदा अन्य बिवरण परिवर्तन भएपनि पासपोर्ट नं अनुसार निजको श्रम स्वीकृति नं सधैं उहि रहने व्यवस्था गरिनुपर्छ । त्यस्तै यो परियोजनाको नियमावली लागु भैसकेपछि प्रथम पटक बैदेशिक रोजगारीमा जाने नेपालीहरुले श्रम प्रवर्धन बोर्डबाट नै श्रम लिदा पासपोर्ट अनुसार श्रम स्वीकृति नं प्राप्त गर्ने छन् सोहि स्वीकृति नं नै उनिहरुको बैदेशिक रोजगार सामाजिक सुरक्षा कोषको कोड नं हुने व्यवस्था गर्नुपर्छ ।

**३. सम्वन्धित व्यक्तिको जम्मा हुने रकम सम्वन्धि जानकारी :**

यस परियोजनामा सहभागी नेपालीहरुको माथि उल्लेखित रेमिट्यान्स प्रणाली अर्न्तगत रु १००० यस परियोजनाको कोषमा जम्मा भएको छ छैन वा कति रकम भएको छ भनेर जानकारी लिनको लागि सम्बन्धित वेवसाईट मार्फत सहभागी व्यक्तिले आफ्नो खाता बिवरण हेर्न सक्नेछ जसको लागि श्रम स्वीकृति नं कोषको खाताको कोड नं हुनेछ र पासपोर्ट नं ले पासवर्डको काम गर्नेछ । यस सम्वन्धमा अन्य कुनै आवश्यक परिमार्जन गर्न परेमा माथि उल्लेखित बिभागले गर्न सक्नेछ ।

**४. सफ्टवेयर प्रणाली :**

नयाँ सफ्टवेयर प्रणलीलाई यसरी बिकाश गरिनेछ कि, परियोजना पूर्ण रुपमा कोष संकलनको लागि तयार भए पश्चात यसमा सहभागी सबै नेपालीहरुको १ महिनाको अर्थात् प्रथम महिनाको जम्मा हुनपर्ने रकम ऋणात्मक देखाउने छ र जम्मा भैसकेपछि भने शुन्य हुनेछ एवं रितले उक्त महिना समाप्त भएपछि आउने महिनाको १ गते देखि फेरि ऋणात्मक देखाउने छ र एक भन्दा बढि महिना सम्म जम्मा नगर्नेको सोहि अनुसारको थप ऋणात्मक रकम देखाउँदै जानेछ । माथि उल्लेख भएअनुसारको प्रतिमहिना रु १००० का दरले रेमिट बाट आउने रकम यस परियोजनाको कोषमा व्यक्तिगत नाममा जम्मा गराउने काम पनि यस सफ्टवेयर प्रणालीले गर्नेछ ।

**५. लेनदेन तथा आर्थिक व्यवहार :**

यो परियोजनाको नियमावली लागू भैसकेपछि कागजी कामकाजहरु बिभाग मार्फत भएपनि आर्थिक कारोवार यस बिभाग अर्न्तगत स्थापना हुने बैकले गर्नेछ । जस्तै कुनै व्यक्ति बैदेशिक रोजगारी समाप्त गरि स्वेदश आएपछि उसले जम्मा गरेको सम्पूर्ण रकम फिर्ता लिन चाहेमा या कुनै पनि क्षेत्रमा यस परियोजनाद्धारा ऋण लिएर व्यवसाय गर्न चाहेमा उसले यसै बैंकलाई प्रयोग गर्नुपर्ने हुन्छ । यसका साथै यस परियोजनाबाट प्राप्त लाभांश, बैदेशिक रोजगार अपाङ्ग भत्ता, बैदेशिक रोजगारमा मृत्युहुनेको परिवारलाई दिईने रकम र अन्य समेत यसै बैंक मार्फत कारोवार हुनेछ ।

**६. श्रम स्वीकृति नम्वर परिवर्तन र नविकरण तथा प्रतिलिपि राहदानी बाहक व्यक्तिको लागि :**

वर्तमान समयमा हरेक पटक श्रम नविकरण गर्दा फरक फरक दर्ता नं दिने प्रचनल रहेको छ । अव यसलाई परिवर्तन गरि राहदानी नं को आधारमा श्रम नं सधै एक नै रहने र यसलाई नविकरण गर्दा कतिऔं नविकरण हो त्यो नं छुटै आउने या त एकै निस्सा (स्टिकर) लाई धेरै पटक प्रयोग गर्न मिल्ने ढाँचामा बनाउनु पर्छ । त्यस्तै प्रतिलिपि राहदानी लिनेको लागि पहिलेकै हराएको राहदानी नं मा उल्लेखित श्रम नं को बिवरणमा नयाँ राहदानीको नं पनि उल्लेख (इन्टरलिङ्क) गराएर पुरानै श्रम स्वीकृति नं प्रयोग गर्न सकिन्छ ।

**७. करार अबधि समाप्त गरेर स्थायी रुपमा स्वदेश फिर्ति हुने नेपालीको बिवरण :**

बैदेशिक रोजगारबाट करार अवधि समाप्त गरि स्थायी रुपमा नेपाल फर्केर आउने नेपालीहरुको लागि विवरण राख्ने व्यवस्थाको लागि बिमानस्थलको अध्यागमन बिभागमा नै अनिवार्य रेकर्ड राख्ने व्यवस्था राख्नुपर्छ । यसको लागि पनि सफ्टवेयर प्रणाली मार्फत राहदानी स्क्यान गराई उक्त बिवरणलाई बैदेशिक रोजगार प्रवर्धन बोर्ड संग इन्टरलिङ्क गराएर व्यक्तिगत बिवरणलाई अद्यावधिक गराउनु पर्छ । जसले गर्दा स्थायी रुपमा नेपाल बस्न आउने नेपालीहरुको कोष उक्त दिन पश्चात ऋणात्मक देखाउने छैन । तर सोहि व्यक्ति केहि समय नेपाल बसेर पून: बैदेशिक रोजगारमा जान्छ भने उसको पुरानै श्रम स्वीकृति नं अनुसार प्रक्रिया सुरु हुनेछ ।

**परियोजनाको संञ्चालनमा हुन सक्ने बाधा व्यवधान :**

परियोजनको परिभाषिक पक्ष सामान्य देखिएता पनि यसको संञ्चालन पक्ष निकै जटिल छ । जनमानसमा यस परियोजनाको शिर्षक आम रुपले जानकारी भैसकेको भएपनि यसको मार्मिक पक्षमा निकै कम व्यक्तिको ध्यान पुगेको छ । यस कोषले देश र जनताको लागि पुऱ्याउन सक्ने योगदान बृहत छ । तसर्थ यसको मुल मर्म परिवर्तन नगरिकन संञ्चालनमा ल्याउनु पर्छ । यसको लागि परियोजनको संञ्चालनमा हुन सक्ने बाधा व्यवधानहरु :

१. परियोजना नितान्त एन.आर.एन.ए को सामाजिक सेवाको भावनाले श्रृजित भएको छ । संञ्चालनका समयमा यदि यसको उद्‌गम अवस्थालाई ख्याल नराख्ने हो भने यसको मुल मर्ममा परिवर्तन आउन सक्नेछ ।

२. यस परियोजनाको गठन प्रक्रियामा उल्लेख गरिए अनुसारको समितिमा हेरफेर भएमा वा एन.आर.एन.ए लाई संलग्न गर्न नसकेमा अनियमितता हुन सक्नेछ ।

३. यस परियोजनाको लगानीकर्ता ठुलो संख्यामा रहने र अनिवार्य रुपमा सहभागी गराउन पर्ने भएकोले जनचेतना मुलक कार्यक्रममा कमिकमजोरी हुन सक्ने र सानो असमझदारी हुदा ठुला समस्या आउन सक्ने ।

४. यो बैदेशिक रोजगारी र बिदेशमा रहने नेपालीहरु तथा नेपालको बृहत संयुक्त हित बोकेको परियोजना हो । तर सरकारको तेश्रो पक्षबाट यसलाई असर पर्ने परि कुनै एक क्षेत्रको बिकाशको लागि योजना तर्जुमा हुन सक्ने ।

**परियोजनामा हुनसक्ने सम्भावित क्षति तथा क्षति न्युनिकरणका उपाय :**

उल्लेखित परियोजनामा मुलुकको ठुलो जनसंख्या सहभागी हुने हुदाँ प्रथमत यो परियोजना तथा यसको कोषलाई सुरक्षित तवरले अघि बढाउने सम्वन्धमा गहन छलफल र बहश गरेर अघि बड्नु जरुरी छ । हामिले देखेका केहि सम्भावित क्षति र क्षति न्युनिकरणका बुदाहरुलाई यसप्रकारले प्रस्तुत गरेका छौं ।

**१. संकलित कोष लगानिको सम्वन्धमा :**

यस परियोजना संञ्चालनमा आई सकेपछि संकलन हुने पुँजीको आधारमा लगानीको क्षेत्र बिचार गरिनु पर्छ । कुनै पनि आयोजनाहरुमा लगानी गर्दा यस परियोजनाको संकलित रकम मध्येको ४०-५० प्रतिशत रकम मात्रै प्रयोग हुने गरि आयोजनाको बजेट तयार गर्नुपर्छ । पूर्ण बजेटको आयोजनाहरुमा लगानी गर्दा आयोजनाको लागत बढेको अवस्थामा असफल हुनेछ अर्कोतर्फ अनुमानित बजेट भन्दा कम पुँजी संकलनको समयमा पनि आयोजना सम्पन्न गर्न असम्भव हुनेछ । तसर्थ बिचमा कुनै महत्वकांछी आयोजनामा लगानी गर्न परेमा वा लगानी कर्ताहरुलाई उनिहरुको हिस्सा या लगानि फिर्ता गर्न परेको अवस्थामा बाँकी रकम प्रयोग गर्न सकिन्छ ।

**२. लगानी गरिएको आयोजना असफल भएको अवस्थामा :**

यस कोषबाट नाफामुलक आयोजनाहरुमा मात्रै लगानी गरिनु पर्छ । यदि कथमकदाचित आयोजना असफल भई लगानी डुब्न गएमा अन्य आयोजनाहरुको मुनाफाबाट नोक्सान भएको रकम भरपाई गनुपर्छ । तल भनिए जस्तै कुनैपनि आयोजनाबाट प्राप्त मुनाफाको ६० प्रतिशत रकम यहि कोषमा रहने व्यवस्था जुन हुनेछ त्यसले नै असफल आयोजनाको नोक्सान लाई भरपाई गर्नेछ ।

**३. नाफा बितरण सम्वन्धी :**

यस परियोजनाबाट संचालित आयोजनाहरुबाट आएको मुनाफा मध्येबाट ४० प्रतिशत रकम मात्रै बोनस वा अन्य बितरणमा प्रयोग गर्नुपर्ने हुन्छ भने बाँकी ६० प्रतिशत रकम यसै कोषको पुँजीमा गाभिने व्यवस्था गरिनु पर्छ ।

**यस परियोजनाको आवश्कता र महत्व :** बर्ष २०७२ मा नेपालमा थुप्रै घटना दुर्घटनाहरु भए । राष्ट्रलाई थेग्नै हम्मे हम्मे पर्ने गरि आएको महाभुकम्प अनि संबिधान जारि पश्चातको राजनैतिक अवस्थाले निम्ताएको नाकाबन्दिले देशको पुरै क्षेत्रलाई ठुलो नकरात्मक असर पारेको छ । विश्व विकाशको पथमा लम्कीदा नेपाल यि घटनाहरुले पछि धकेलिएको छ । अव सम्पूण नेपालीहरु एक भएर देश समृद्ध बनाउन लाग्न पर्ने अवस्था आएको छ जुन एकता यस परियोजनाले गर्नेछ । सरकारी तथ्याङ्क अनुसार बैदेशिक रोजगारमा रहेका ४० लाख नेपालीहरु यस परियोजनाका लगानीकर्ता हुन् भने उनिहरु प्रति आश्रित रहेका लगभग १ करोड ६० लाख यिनका रक्षक हुनेछन् । यसर्थ यो सिङ्गो देशलाई एकत्रित गर्ने परियोजना हो । देशलाई आवश्यक रहेको लगानीको श्रोत पनि यहि हो र आफ्नै जनताको लगानीले देश बिकाश गराउन सक्ने राष्ट्रिय योजना पनि यहि हो । यसको भाबनात्मक पक्षलाई हेर्नेहो भने यसले देश र जनताको सम्वन्धलाई गाढा बनाउने कोशिस गरेको छ । जनताको लगानीले देश समृद्ध हुनेछ अनि समृद्ध देशले जनताको आवश्कता पिर मर्का लाई बुझेर उनिहरुको सहयोग र रक्षा गर्नेछ । यसर्थ यसको बहुआयामिक महत्व छ ।

**हजारे अभियान प्रस्तावनाका सारंश :**

१. प्रस्तावना : "सुरक्षित बैदेशिक रोजगार देश बिकासको आधार-हजारे अभियान" आवश्यकता तथा यसका फाइदाहरु (Purposal:

२. बैदेशिक रोजगार सामाजिक सुरक्षा (social security for migrant worker)

३. संयुक्त लगानी (collective investment)

४. देश पून: निर्माण र बिकासको लागि हजारे अभियान

५. बैदेशिक रोजगारीमा रहेका नेपालीहरुको सुरक्षित अवतरण (safe landing)

उपरोक्त बिषयहरुको आधारमा तयार पारिएको हजारे अभियान प्रस्तावनाको प्रमुख उदेश्य र आवश्यकता भनेको बैदेशिक रोजगारमा रहेका नेपालीहरुको सुरक्षा र देश बिकासको लागि उनिहरुको कमाईको सहि सदुपयोग हो ।

अर्धदक्ष कामदार निर्यात गर्ने देशको रुपमा हाम्रो नेपाललाई चिनिन्छ, जसको कारणले धेरै नेपालीहरु उच्च जोखिमका कामहरुमा बिदेश आउने गर्छन, जस्तै : निर्माण क्षेत्र, ठूला मेसिन चलाउने, सडक सरसफाई, तथा घरायासी काममा रहेका छन्, यी अर्धदक्ष कामदारहरुको आम्दानी पनि उच्च हुदैन र बचत पनि कम हुन्छ । कामका बेलामा दुर्भाग्यवश कुनै दुर्घटना भएको खण्डमा वा अंगभंग भएको अबस्थामा कम्पनीले उक्त कामदारलाई स्वदेश फिर्ता गर्दछ र यसरी फर्केका नेपालीहरुलाई नेपालमा पनि कुनै रोजगरको व्यवस्था नहुने हुनाले उसको जिबिकोपार्जनको लागि के गर्न सकिन्छ भन्ने यस प्रस्तावनाले व्याख्या गरेको छ । त्यस्तै बैदेशिक रोजगारीमा मृत्यु भएका नेपालीहरुको बीमा मार्फत पाउने सम्पूर्ण रकम काजक्रियामा खर्च हुने गर्छ र परिवारको आम्दानी रोकिन्छ र परिवारमा आर्थिक संकट आउँछ यसलाई पनि यस प्रस्तावनाले समेटेको छ ।

बर्तमान समयमा बैदेशिक रोजगारबाट फर्किएका नेपालीहरु पुनर्स्थापना हुन निकै समस्या भैइरहको छ । आम्दानीको बाटो रोकिए पछि दैनिकी चलाउन तथा कुनै कामको व्यावस्था नहुँदा मानसिक तनाब हुने तथा दुर्व्यसन तर्फ लाग्ने जस्ता समस्या देखा पर्दै आएका छन्, यी समस्याहरुले भबिष्यमा बिकराल रुप लिने हाम्रो बिष्लेषण छ । तसर्थ यसका लागि नेपाल सरकाले आफ्नो मातहतमा रहने गरी बैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लीग सञ्चय कोष जस्तै एक कोषको स्थापना गरिदियोस् जसमा प्रत्येक महिना अनिवार्य रुपमा केही सिमित रकम जम्मा गर्नेछन् र उक्त रकम नेपाल सरकारद्धारा कुनै क्षेत्रमा लगानी गरियोस् जसमा बिषेशत बैदेशिक रोजगारीबाट फर्केका नेपालीहरुलाई रोजगर दिइयोस् । यसले गर्दा बैदेशिक रोजगारीबाट फर्केका

नेपालीलाई पुनर्स्थापना तथा रोजगारीको व्यवस्था दुबै हुनेछ। सरसर्ती हेर्दा यहि नै यस प्रस्तावनको मुख्य आशय हो र यसरी बैदेशिक रोजगारमा रहेका नेपालीहरुको सामाजिक सुरक्षा र उनिहरुको कमाई लाई बिभिन्न क्षेत्रमा लगाई देश बिकासको आधार बनाउन सकिनेछ।

नेपालको तरल राजनितिक अवस्था, भ्रष्टचार र कमिशनखोरीहरुको जर्जरता र सहि नीति निर्माणको निर्णाएक नभएकोले हामीलाई साना समस्या हरु पनि ठुलो हुने गरेको छ। ठुलो लगानीका लागि अरुको मुख ताकेर बस्नुपर्ने तथा लगानीको उचित व्यवस्थापन नहुँदा पनि उच्चस्तरिय योजनाहरु सफल हुन सकेको छैनन्। आज हामी बिदेशी सहयोग र लगानीकर्ताको आशा गरि रहँदा यदि हामी आफै सक्षम नभए सम्म बिदेशी लगानीले मात्र देश बिकाशमा असर नहोला। नेपाल कृषिप्रधान देश हो तर कृषिव्यापार घाटा सधै बढ्दो छ। गर्ब गर्ने अर्को महत्वपूर्ण क्षेत्र हामी जलश्रोतमा विश्वकै दोश्रो धनी देश तर यसको न्यून सदुपयोग भईरहेको छ।

यी उल्लेखित बिषय बस्तुलाई समेट्ने गरि हामी आफैद्धारा सरकारको सहयोगमा हाम्रो देश बिकास गरौं भन्ने उदेश्यलाई यस प्रस्तावनाले प्रस्तुत गरेको छ। बर्तमान अवस्थामा देश पूनः निर्माण गर्नको लागि लगानिको आवश्यकता छ लगानिको लागि यो प्रस्तावना धेरैनै महत्वपूर्ण छ। देश बिकासको लागि यदि सरकारले यस प्रस्तावनालाई आधार मानेर अघि बढेमा हामी आफैनै देश बिकाश गर्नमा सक्षम छौं र यो बैदेशिक रोजगारीमा रहेका नेपालहरुका लागी देश बिकाश गर्नमा सहयोग पुऱ्याउने एक स्वर्णीम अवसर रहेको हाम्रो बुझाई छ।

**॥ समाप्त ॥**